कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य सेवा निर्देशनालय
# मेहलकुना अस्पताल
सुर्खेत

## सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना
**(प्रथम पटक सूचना प्रकाशित मिति: २०८२/१२/१०)**

मेहलकुना अस्पताल गुर्भाकोट,सुर्खेतका लागि देहायका पदहरुमा सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले सम्बन्धित पदका लागि योग्यता पुगेका नेपाली नागरिकहरुले निर्धारित ढाँचाको फाराम भरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| विज्ञापन नं. | पद नाम | तह | संख्या | कैफियत |
|---|---|---|---|---|
| ०३/०८२/०८३ | Opthalmic Assistant (O.A) | सहायक पाँचौं | १(एक) | नेपाल सरकारको मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित कोर्ष पुरा गरी काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ । |

१. **नेपाली नागरिक**
२. **न्युनतम योग्यता :**कर्णाली प्रदेश निजामति सेवा नियमावली,२०८० तथा निजामति सेवा ऐन बमोजिम योग्यता हासिल गरेको हुनुपर्नेछ ।
३. **पेश गर्नुपर्ने कागजातहरु :**दुई प्रति पासपोर्ट साइजको फोटो ,दरखास्त फारामसँग सम्बन्धित कोर्ष उतिर्ण गरेको शैक्षिक योग्यताको प्रमाणपत्र ,नेपाली नागरिकताको प्रमाण पत्र ,अध्याबधिक भएको परिषद् दर्ता प्रमाण पत्र ,कार्य अनुभव भए सोको प्रमाण पत्र ,तालिम लिएको भए तालिमको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।
४. **दरखास्त दिने विधि :**मेहलकुना अस्पताल सुर्खेतको प्रशासन शाखा तथा कार्यालयको ईमेल ठेगानाः mehalkunahospital@gmail.com मा समेत उक्त अवधि भित्र दरखास्त पेश गर्न सकिनेछ । दरखास्त फाराम सामाजिक विकास मन्त्रालय,कर्णाली प्रदेशको वेबसाइट mosd.karnali.gov.np.www बाट डाउनलोड गर्न सकिने छ।
५. **दरखास्त दिने अन्तिम मिति :**२०८२/१२/२४ गते कार्यालय समय भित्र तथा उक्त दिन सार्वजनिक बिदा भएमा बिदा पछि कार्यालय खुलेको पहिलो दिन । म्याद नाघि आएको र रित नपुगेको दरखास्तलाई मान्यता दिईने छैन ।
६. **तलव,भत्ताः** अस्पताल विकास समिति र सेवा फाउन्डेसन विच भएको सम्झौता बमोजिम हुनेछ।
७. **सेवा करार अवधि :**वि.सं.२०८३ असार मसान्त सम्म र आगामी बर्षमा उक्त कार्यक्रम आएमा सेवा करार नविकरण गर्न सकिनेछ।
८. **परीक्षाको किसिम :**कर्णाली प्रदेश सरकारको प्राविधिक जनशक्ति छनौट गर्ने सम्बन्धी कार्यविधि,२०७६) संशोधन सहित ( बमोजिम हुनेछ ।
९. **परीक्षा दस्तुर:**सहायक स्तरको लागि प्रति विज्ञापन रु.४०० /प्रदेश लेखा नियन्त्रक कार्यालय,सुर्खेतको नाममा नेपाल बैंक लिमिटेड,सुर्खेत शाखामा रहेको राजश्व खाता नं. २७५०२००००१००१००००१ वा रा.वा.बैक सुर्खेत शाखाको राजश्व खाता १०००१००२०१०१००००६.मा राजश्व शिर्षक **परीक्षा शुल्क बापत ( शिर्षक नं ।14224 .) मेहलकुना अस्पताल सुर्खेत कोड नं .३५००२६८०४६ राखि रकम जम्मा गर्नुपर्नेछ।**
१०. दरखास्त दिने व्यक्ति कुनै कानूनले अयोग्य नठहरिएको र कुनै अभियोग नलागेको हुनुपर्नेछ।
११. दरखास्त प्राप्त भएको अन्तिम दिन अन्तर्वार्ताका लागि संक्षिप्त सूची र समय तालिका प्रकाशित गरिनेछ।
१२. यस सूचनामा उल्लेखित बाहेकका बिषयहरु प्रचलित ऐन ,नियम र कानून बमोजिम हुनेछन् । सूचनामा कुनै संशोधन भएमा कार्यालयको सूचना पाटीमा टाँस गरिने छ । अन्य कुराहरुको जानकारीको लागि कार्यालय समयभित्र कार्यालयको फो.नं.०८३४१००-११ वा सुचना अधिकारीको मो .नं .९८६८००२२७२ मा सम्पर्क गर्न सकिनेछ ।

पदपुर्ति समिति